नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २६८ २०८२ साल जेठ १६ गते शुक्रबार (30 May 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : साझा जीवन पद्धतिसँग ... ३ पृष्ठमा : जनताको सेवालाई आफ्नो ... ३ पृष्ठमा : विद्यार्थी भिसा रद्द ...

## चार पटकको शिलान्यासपछि राजविराज बसपार्कको उद्घाटन



**दैनिक समाचारदाता**
**राजविराज, १५ जेठ ।**

लामो समयको प्रतिक्षापछि राजविराज बसपार्कको एक कार्यक्रमकाबीच बिहीबार उद्घाट्न गरिएको छ।

गणतन्त्र दिवसको अवसर पारेर राजविराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परवीनले नवनिर्मित सुविधा सम्पन्न बसपार्कको उद्घाट्न गरेकी छिन्।

राजविराज २ स्थित रहेको बसपार्क नेपाल सरकारको सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरी मार्फत १५ करोड ६० लाख रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको हो।

बसपार्क कै अभावमा राजविराजमा सार्वजनिक सवारी साधन सडक मै पार्किङ्ग हुँदा ट्राफिकको झमेलाका साथै विभिन्न समस्या उत्पन्न हुँदै आएको थियो।

गत बैशाख २४ मा शहरी तथा भवन निर्माण आयोजना सप्तरीका प्रमुख सुरेन्द्र कुमार साहले कार्यावाहक नगर प्रमुख परवीनलाई कागजात सहित साँचो हस्तान्तरण गरेका थिए।

निर्माण काम सम्पन्न भएर नगरपालिकालाई बसपार्क हस्तान्तरण गरिएपछि उद्घाटन् गर्दै नगरप्रमुख परवीनले अब यहाँका मात्र नभई बाहिरबाट आउने यात्रुलाई समेत सहज हुने बताईन्।

उनले राजविराजका लागि यो संरचना ठूलो पुर्वाधार भएको भन्दै यसले नगरलाई सुन्दर बनाउनुका साथै समृद्ध र रोजगारिको अवसर प्रदान गर्न समेत महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिन्।

राजविराज २ राजदेवी मन्दिर नजिकै १९ हजार ६ सय भन्दा बढी वर्ग किलोमिटरमा फैलिएको आधुनिक सुविधा सम्पन्न बसपार्कमा सोधपुछ कक्ष, टिकट काउन्टर, सर्भिस सेन्टर, बैंक ब्रान्च, प्रतिक्षालय, शौचालय, रेस्टुरेन्ट, मिनि मार्केट, सभाहल, प्रहरी बीट लगायतका संरचना निर्माण गरिएको छ।

बसपार्क संचालनमा आएपछि राजविराज नगरक्षेत्रमा जतातत्तै सार्वजनिक सवारी साधन पार्किङ्ग हुँदा नगरलाई कुरुप बनाउनुका साथै ट्राफिक व्यवस्थापनमा पनि कठिनाई हुँदै आएको थियो। बसपार्क संचालनमा आउनु भएपछि

***बाँकी अन्तिम पृष्ठमा***

## गणतन्त्रलाई संस्थागत गर्न तीनै तहका सरकार जिम्मेवार बन्नुपर्नेमा जोड



**दैनिक समाचारदाता**
**राजविराज, १५ जेठ ।**

राजविराजमा १८ औं गणतन्त्र दिवस बिहीबार विविध कार्यक्रम गरि मनाइएको छ।

गणतन्त्र दिवसको अवसरमा ऱ्याली, कोणसभा लगायतका कार्यक्रमको आयोजना गरिएको हो। जिल्ला समन्वय समिति सप्तरीको अगुवाईमा निकालिएको ऱ्याली राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्रको परिकक्रमा गर्दै गजेन्द्र चौकमा पुगेर कोणसभामा परिणत भएको थियो।

कोणसभामा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख शिव नारायण साहले गणतन्त्रलाई संस्थागत गर्न तीनै तहको सरकार जिम्मेवार बन्नुपर्नेमा जोड दिएका छन्।

उनले आम सर्वसाधारण जनताले गणतन्त्रको अनुभूति गर्न नपाएको गुनासो गर्दै व्यवस्था बदलिएपछि जनताको दैनिकीमा पनि परिवर्तन आउनु अपरिहार्य रहेको बताए।

***बाँकी अन्तिम पृष्ठमा***

## मधेश प्रदेशमा एक दर्जन प्रेस स्वतन्त्रता सेनानी सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, १५ जेठ ।**

१८औं गणतन्त्र दिवसको अवसर पारेर मधेश प्रदेश सरकारले सप्तरीका ५ सहित एक दर्जन पत्रकारलाई सम्मानित गरेको छ।

मधेश प्रदेश सरकारको गृहसञ्चार तथा कानुन मन्त्रालयद्वारा बिहीवार जनकपुरमा आयोजित "शुभकामना आदान प्रदान तथा अभिनन्दन" कार्यक्रममा सप्तरीका ५ सहित मधेश प्रदेशका १३ जना प्रेस स्वतन्त्रता सेनानीबाट विभुषित पत्रकारहरुलाई नगद र कदरपत्रबाट सम्मानित गरिएको हो।

गृह सञ्चार तथा कानुनमन्त्रीको जिम्मेवारी सम्हालेका राजकुमार लेखीको पहलमा पहिलो पल्ट मधेशका प्रेस स्वतन्त्रता सेनानीहरुलाई यसरी सम्मानित गरिएको हो।

***बाँकी तीन पृष्ठमा***

हार्दिक बधाई एवम् शुभकामनाए



नवीन कुमार गुप्ता

**नेपाल प्रेस युनियन सप्तरीका उपाध्यक्ष नवीन कुमार गुप्ता आम सञ्चार प्राधिकरण मधेश प्रदेशको सदस्य पदमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई सहित उहाँको सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछौं।**

......................

**विनय कुमार लाल कर्ण**
**अध्यक्ष**
**नेपाल प्रेस युनियन सप्तरी**
**एवं सम्पूर्ण युनियन परिवार**

**घरभाडा चाहिएमा**

राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्र मेनरोडमा पसल, संघ-संस्था, बैंक, बित्तिय संस्था, विमा कम्पनी लगायत प्रयोजनका लागि सटर तथा कोठाहरु भाडामा चाहिएमा समपर्क गर्नुहोस्।

**राजविराज ४**
९८४२८२१०८२, ९८१९७२५०८२

**फोहोर व्यवस्थापन गरौं र गराऔं ।**

- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्याएर अलग-अलग राखौं,
- घरायसी फोहोर कम गरौं,
- पुनः प्रयोग गर्न सकिने फोहोरको व्यवस्थापन गरौं,
- जैविक फोहोरबाट प्राङ्गारीक मल उत्पादन गरौं ।
- तोकिएको समय र स्थानमा मात्र फोहोर फालौं,
- प्लास्टिक, कागज, काँचजस्ता पुनःप्रयोग हुने वस्तुहरूको छुट्टै संकलन गरौं,

फोहोर नजलाऔं, फोहोरको समुचित व्यवस्थापन गरौं र वातावरण जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दुई वर्षभित्र चामलमा आत्मनिर्भर बनाइने: अर्थमन्त्री

काठमाडौं, १५ जेठ (रासस)।

सरकारले दुई वर्षभित्र चामलमा आत्मनिर्भर बनाउने नीति लिएको छ। उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आज संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्षको बजेटमा यसका लागि विभिन्न कार्यक्रमको व्यवस्था गरिएको बताउनुभयो।

यसैगरी कृषिमा आधुनिकीकरण गरी उत्पादनमा वृद्धि गरिने, कृषिमा आश्रित जनशक्तिलाई तालिम, प्रशिक्षण दिइने बजेटमा उल्लेख छ। मल, बीउको पर्याप्त व्यवस्था गरिने, सुपर जोन र जोन क्षेत्रमा विभाजन गरी कृषि र पशुपालनका लागि विशेष व्यवस्था गरिने उहाँले जानकारी दिनुभयो। खाद्यान्न, तरकारी, मासुमा आत्मनिर्भर हुने व्यवस्थाका लागि बजेट विनियोजन गरिएको छ।

माटोको उर्वरा शक्ति कायम राख्न कार्यक्रमको व्यवस्था गरिएको अर्थमन्त्री पौडेलले उल्लेख गर्नुभयो। प्राङ्गारिक मलको प्रवर्द्धन गरी अर्गानिक फलफूल र तरकारीको उत्पादन गरिने छ।

विभिन्न जिल्लामा समस्याका रूपमा रहेको बाँदर, बँदेल, निलगाईको नियन्त्रण गरिने र प्रभावित क्षेत्रमा अदुवालगायत खेती प्रवर्द्धन गरिने भएको छ। गुणस्तरीय बीउबीजनको व्यवस्था गरिने, मासु निर्यात प्रवर्द्धन गरिने कार्यक्रमलाई सरकारले बजेटबाट अघि बढाउन लागेको छ।

चार करोड २८ लाख माछाका भुरा उत्पादन गरिने कार्यक्रम पनि बजेटबाट आगामी वर्षमा ल्याउन लागिएको उहाँले बताउनुभयो। अलैँची, चिया, कफीको निर्यात प्रवर्द्धन गरिने पनि सरकारले जनाएको छ।

# आर्थिक सर्वेक्षण पेस : यसवर्ष आर्थिक वृद्धिदर ४.६१ प्रतिशत रहने अनुमान

काठमाडौं, १५ जेठ (रासस)।

प्रतिनिधिसभाको बिहीवारको बैठकमा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले चालु आर्थिक वर्षको आर्थिक सर्वेक्षण पेस गर्नुभएको छ।

चालु आवमा मुलुकको आर्थिक वृद्धिदर ४.६१ प्रतिशत रहने अनुमान गरिएको छ। प्रदेशगत रूपमा मधेश, कोशी र सुदूरपश्चिमबाहेक सबै प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसत आर्थिक वृद्धिदर भन्दा माथि रहने अनुमान गरिएको अर्थमन्त्री पौडेलले बताउनुभयो।

चालु आर्थिक वर्षमा मुलुकको अर्थतन्त्रको आकार रू ६१ खर्ब सात अर्ब पुग्ने अनुमान गरिएको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५.१६ प्रतिशत, उद्योगको १२.८३ र सेवा क्षेत्रको योगदान ६२.०१ रहने अनुमान गरिएको अर्थमन्त्री पौडेलले सदनमा जानकारी गराउनुभयो।

चालु आवको फागुन मसान्तसम्मको अवस्थाअनुसार प्रतिव्यक्ति कुल राष्ट्रिय आय बढेर एक हजार ५१७ अमेरिकी डलर पुग्ने र औसत उपभोक्ता मुद्रास्फीति ४.७२ प्रतिशत रहेको आर्थिक सर्वेक्षणमा उल्लेख छ।

# साझा जीवन पद्धतिसँग गणतन्त्रको सम्बन्ध

- पृथ्वी सुब्बा गुरुङ
सञ्चार तथा सूचना प्रविधि मन्त्री

काठमाडौं, १५ जेठ (रासस)।

२०६२/६३ को जनआन्दोलनको जगमा २०६५ जेठ १५ गते ऐतिहासिक संविधानसभाको पहिलो बैठकले एक शताब्दी लामो राजतन्त्रको अन्त्य गरी नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक घोषणा गरिएको थियो। आजको दिनले नेपाली जनताको भाग्य र भविष्य निर्धारण गरेको छ। नेपाली नागरिकले सामन्ती र अधिनायकवादी राजसंस्था अन्त्य गरी गणतान्त्रिक शासन, संस्कार र शैलीको अपेक्षा गरेका छन्। मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश भएसँगै जनताले राजनीतिक अधिकार मात्र प्राप्त गरेका छैनन्, मुलुकको पूर्वाधार विकास, शिक्षा, कृषि, स्वास्थ्यलगायत सामाजिक क्षेत्र, सूचना प्रविधिका क्षेत्रमा भएको अकल्पनीय परिवर्तनको अनुभूति गरिरहेका छन्। यद्यपि, यसमा अझै तीव्र ढङ्गको मार्न सकिने सम्भावना रहँदारहँदै पनि राजनीतिक अस्थिरताका कारण अपेक्षित परिणाम प्राप्त हुन नसक्दा नागरिकमा केही असन्तुष्टी नआएको भने होइन। यसमा राजनीतिक दर र नेतृत्वले जनताका ती भावनालाई आत्मसाथ गरी सहकार्यको बाटोमा हिँड्नुको विकल्प छैन।

नेपालको बहुलता र विविधतालाई आत्मसात् गर्दै संविधानसभामार्फत बनेको संविधानले नेपाललाई वास्तविक बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक र बहुजातीय राज्यका रूपमा स्थापित गरेको छ। एकसय चार वर्षे जहानीया राणाशासन, तीसवर्षे पञ्चायती निरङ्कुशताको पीडा भोगेका नेपाली जनताले लामो सङ्घर्ष र त्यागबाट प्राप्त गरेको गणतन्त्रात्मक शासन प्रणालीको विकल्प खोजेका छैनन्। संविधानसभाबाट जारी नेपालको संविधानले गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षतालाई संस्थागत गरेको छ। गणतन्त्रले जनतालाई राज्यको शासन सत्तामा सर्वोपरि ठाउँमा पुर्‍याएको छ। त्यसैले त लोकतान्त्रिक गणतन्त्र भनेको शासन पद्धति मात्रै होइन, जीवन पद्धति पनि हो।

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि धेरै कुरामा परिवर्तनहरू भएका छन्। नागरिकलाई राजनीतिक स्वतन्त्रता प्राप्त छ र स्वतन्त्रताको उपभोग उनीहरूले गरिरहेका छन्। गणतन्त्रका डेढ दशकको अवधिमा समावेशी प्रतिनिधित्व नीति निर्माण तथा प्रशासनिक क्षेत्र उत्साहजनक रहेको छ। मुलुकमा २०४६ मा प्रजातन्त्र पुनर्स्थापना हुनुअघि ६० प्रतिशत जनता गरिबीको रेखामुनि रहेका थिए, प्रतिव्यक्ति आय डेढ सय अमेरिकी डलर पनि थिएन। विद्युत्को पहुँच जम्मा आठ प्रतिशत जनतामा मात्र रहेको थियो भने नेपालीको औसत आयु ५० वर्षभन्दा कमै थियो। त्यस्तै अन्य विकासका सूचकहरूमा पनि नेपाल निकै पछाडि रहेको थियो। प्रजातन्त्रसँगै विकासको लहर गाउँगाउँमा विस्तार भएको छ।

खासगरी २०५१ सालमा नेकपा (एमाले)का सरकारले थालनी गरेको 'आफ्नो गाउँ आफैँ बनाऔँ' नाराले गाउँगाउँसम्म सिधै राज्यको लगानी पुग्नुको साथै जनसहभागितामा विकासको थालनी हुनसक्यो। स्थानीय तहलाई विभिन्न अधिकारसहित बलियो बनाउन खोज्नु देशको समृद्धि र विकासका लागि महत्वपूर्ण कार्य भएको छ। परिमाणतः आज गरिबीको रेखामुनि २० प्रतिशतभन्दा कम जनता रहेका छन्, ९७ प्रतिशत जनतामा विद्युत्को पहुँच पुग्न सकेको छ, प्रतिव्यक्ति आय एक हजार ५५६ अमेरिकी डलर पुगेको छ। हजारौं किमी सडक निर्माण भएको छ। मध्यपहाडी लोकमार्ग, मदनभण्डारी लोकमार्ग र हुलाकी राजमार्गले पूर्वपश्चिम जोड्नुको साथै ११ भन्दा बढी विभिन्न उत्तर दक्षिण कोरिडोरहरूले छिमेकी दुई मुलुकलाई जोड्ने काम भइरहेको छ। गाउँगाउँमा विद्यालयहरूको स्थापनासँगै १३/१४ वटा विश्वविद्यालयहरू सञ्चालनमा छन्। गाउँगाउँमा अस्पतालहरू विस्तार हुँदा स्वास्थ्य सेवाको पहुँच विस्तार भएसँगै औसत आयु बढेर ७२ वर्ष पुगेको छ। दक्षिण एशियामै नेपाल एकमात्र पूर्ण खोपयुक्त मुलुक बनेको छ। धमाधम ठूला सिंचाइ आयोजनाहरू निर्माणसँगै कृषिमा हरित क्रान्ति भई उत्पादकत्व बढ्न जाने र खाद्यान्न निर्यात गर्नसक्ने अवस्थामा हामी पुग्दैछौं। अहिले नै ३४ सय मेगावाट विद्युत् उत्पादन भइरहेको छ र विद्युत् व्यापारबाट आर्थिक लाभ लिन थालिसकेका छौं। आगामी १० वर्षमा २५ हजार मेगावाट विद्युत् उत्पादन भई विद्युत् निर्यातसँगै आन्तरिक खपत वृद्धि गरी आयातित इन्धनको निर्भरतालाई कम गरी ऊर्जा सुरक्षाको सुनिश्चित हुने अवस्था छ।

सूचना प्रविधिको क्षेत्रमा पनि यस अवधिमा मुलुकले ठूलो फड्को मारेको छ। टेलिफोन र इन्टरनेटको पहुँच ग्रामीण कुनाकन्दरासम्म विस्तार भइरहेको छ। 'फोर जी' सेवा करिब शतप्रतिशत भूभागमा पुगेको छ भने 'फाइभ जी' सेवा पनि मुख्य शहरहरूमा विस्तार भइरहेको छ। संविधानमै पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चित गरिएको छ भने अभिव्यक्ति स्वतन्त्रताको सूचकमा विश्वका धेरै देशको तुलनामा नेपाल निकै अगाडि छ। मानव अधिकारको प्रत्याभूतिमा नेपाललाई विश्वले उच्च सम्मानका साथ हेरेको छ। नागरिक उड्डयनका क्षेत्रमा पनि नेपालले यस अवधिमा उल्लेख्य प्रगति हासिल गरेको छ। तीनवटा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउनसक्ने अवस्थामा रहनुको साथै देशका विकट जिल्लाहरूलाई पनि हवाई सञ्जालले जोडेको छ। पहिले सिंहदरबारमा केन्द्रित रहेको नागरिक अधिकार अहिले जनताको घरदैलोमै पुगेको छ।

यति हुँदाहुँदै पनि राजनीतिक अस्थिरताले नीतिगत स्थिरता हुन नसक्दा मुलुकले जुन ढङ्गबाट फड्को मार्नु पर्ने हो, त्यसो हुन सकेको छैन। आर्थिक अनियमितता, काममा हुने ढिलासुस्तीका कारण थालनी गरिएका कतिपय आयोजनाहरू समयमा पूरा हुन सकेका छैनन्। आर्थिक विकास र समृद्धिका लागि देशमा राजनीतिक स्थायित्व आवश्यक पर्दछ। राजनीतिक स्थायित्व नभए आर्थिक विकास हुन नसक्ने र मुलुकमा सधैँ गरिबीको अवस्था रहने हुन्छ। यसले समाजवादको यात्रा तय हुन नसक्ने मात्रै होइन, जनतामा वितृष्णा उत्पन्न गर्दछ। राजनीतिक स्थायित्व बिना राष्ट्रिय स्वाभिमान र स्वतन्त्रता कमजोर हुनेछ।

निर्वाचनमा कुनै एक पार्टीले स्पष्ट बहुमत प्राप्त गरी पाँच वर्ष सरकारले काम गर्न पायो भने यी यस्ता समस्याहरू स्वतः समाधान हुन्छन्। राजनीतिक अस्थिरता हुँदा कर्मचारीतन्त्रले सहयोग नगर्ने र नीति, कार्यक्रम र योजनाले निरन्तरता नपाउँदा जनताले सुशासनको अनुभूति गर्न सकेका छैनन्। जनतामा बढ्दै गएको यो निराशालाई उछालेर यतिबेला प्रतिगामी शक्तिले मुलुकलाई पुनः एकदलीय निरङ्कुशतातिर धकेल्ने चेष्टा गरेका छन्। व्यक्तिका कमीकमजोरीलाई राज्य प्रणालीको दोष देखाउने पुस्प्रयास गरिएको छ। खासगरी आजका युवा पुस्तामा हिजोको इतिहासको बारेमा राम्रो ज्ञान नहुँदा र अहिलेका कमीकमजोरीलाई मात्र हेर्ने प्रवृत्तिलाई प्रतिगामी शक्तिले उपयोग गर्न खोजेको देखिन्छ।

तसर्थ, लोकतान्त्रिक राजनीतिक शक्तिहरूले नयाँ पुस्तालाई राजनीतितर्फ आकर्षण गराउन जरुरी छ। उनीहरूलाई विगतमा देश र जनताले कस्तो दुःख झेल्नु परेको थियो र कति लामो बलिदानपछि मात्र रैतीबाट सार्वभौम नागरिक बन्न सकिएको हो भन्ने कुराको राम्रो जानकारी दिलाउन आवश्यक छ। साथै, राजनीतिक दलका नेताहरूले पनि आफूलाई परिवर्तित सन्दर्भमा परिस्कृत गर्दै लैजानुपर्ने र एक आपसमा मिलेर सरकार सञ्चालन गर्ने संस्कारको विकास गर्नु जरुरी छ। हाम्रो भूराजनीतिक अवस्थाले पनि राजनीतिक अस्थिरतालाई बल पुर्‍याएको छ। विगतमा विदेशलाई रिझाएर राज्य सञ्चालन गर्ने प्रवृत्तिलाई तोडेर अब जनतालाई नै खुशी बनाएर अगाडि बढ्नुपर्छ भन्ने चेत आएको छ।

अन्त्यमा मुलुकमा गणतन्त्र प्राप्तिपछिको अवधिमा मुलुकको राजनीतिक, आर्थिक, सामाजिक तथा जनजीविकाको सवालमा गुणात्मक फड्को मारेको स्पष्ट छ। जनताको आशाको सञ्चार हुन सकेको छ। निरपेक्ष गरिबीको रेखामुनिका उपेक्षित र सिमान्तकृत समुदायलाई सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति, आयको सुनिश्चितता नदिएसम्म भौतिक विकासले मात्रै मानिसलाई सन्तुष्टि दिन सक्दैन। गणतन्त्रको मर्म र मान्यताअनुसार आफ्नो चरित्र र प्रवृत्तिमा उल्लेखनीय सुधार नगर्ने हो भने गणतन्त्रले आम जनताको मुहारमा खुसी दिन सक्दैन। नयाँ पुस्तालाई स्वदेशभित्रै बसेर आफ्नो भाग्य, सुखद भविष्य र समृद्ध जीवनका सम्भावनाहरू गणतन्त्रले दिन सक्नुपर्छ। लोकतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन। समाजवादको विकल्प सामन्तवाद होइन। लोकतन्त्रबाट नै जनताको समृद्धि सम्भव छ भन्ने तथ्यलाई सबैले आत्मसाथ गर्न सकिएमा प्रतिगामी शक्तिले टाउको उठाउने चेष्टासम्म गर्न सक्दैनन्। स्थिर राजनीति, उत्पादनशील अर्थनीति र प्रभावशाली सामाजिक सुरक्षा र न्याय नै जनतामा आसा र उत्साह जागृत गर्न सकिन्छ। गणतन्त्रलाई साझा जीवन पद्धतिसँग गाँस्न सक्दा मात्रै यसलाई सबल र सुदृढ गर्न सकिन्छ। *(प्रस्तुत विचार गणतन्त्र दिवसका सन्दर्भमा मन्त्री गुरुङसँग राससका कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)*


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# न्युजिल्यान्डका उपप्रधानमन्त्री पिटर्स र परराष्ट्रमन्त्री डा राणाबीच द्विपक्षीय भेटवार्ता

काठमाडौं, १४ जेठ (रासस)।

नेपाल भ्रमणमा रहनुभएका न्युजिल्यान्डका उपप्रधानमन्त्री तथा विदेशमन्त्री विन्स्टन पिटर्स र परराष्ट्रमन्त्री डा आरजु राणा देउवाबीच बिहीवार यहाँ द्विपक्षीय भेटवार्ता भएको छ।

त्यस अवसरमा उहाँहरूबीच प्रतिनिधिमण्डलस्तरमा दुई देशका आपसी हितका विविध विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ। दुई पक्षले आगामी दिनमा आपसी सहयोगका विभिन्न विषयमा दिगो साझेदारीका लागि सहमति गरेका छन्।

भेटपछि परराष्ट्रमन्त्री डा राणाले ऐतिहासिक भेटवार्ता भएको र नेपाल-न्युजिल्यान्डबीच सम्बन्ध थप प्रगाढ बनाउनका लागि सहकार्य गर्न तत्पर रहेको उल्लेख गर्नुभयो।

न्युजिल्यान्डका उपप्रधानमन्त्री पिटर्स दुईदिने नेपालको औपचारिक भ्रमणका लागि काठमाडौँ आइपुग्नुभएको हो। उहाँको यो पहिलो नेपाल भ्रमण हो।

उपप्रधानमन्त्री पिटर्सले बिहीवारै राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गर्नुभएको *बाँकी तीन पृष्ठमा*

# जनताको सेवालाई आफ्नो प्रमुख कर्तव्य ठान्दै अघि बढ्नु आजको आवश्यकता हो: उपराष्ट्रपति यादव

काठमाडौँ, १५ जेठ (रासस)।

उपराष्ट्रपति रामसहायप्रसाद यादवले देश र आमनागरिकप्रति उत्तरदायी सरकार, संवैधानिक मर्यादाको पालना र जनताको सेवालाई आफ्नो प्रमुख कर्तव्य ठान्दै अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

अठारौँ गणतन्त्र दिवस, २०८२ का अवसरमा बिहीवार शुभकामना व्यक्त गर्दै उहाँले मुलुकमा विद्यमान सबैखाले चुनौतीहरूको समाधान दलीय स्वार्थबाट माथि उठेर गर्न जरूरी रहेको र यसमा नेतृत्व वर्गको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो। लोकतान्त्रिक शासन व्यवस्थालाई बलियो बनाउने, आमनागरिकको आवाज सुन्ने र सुशासन स्थापित गर्ने आफ्नो दायित्व र कर्तव्यबोधका साथ दलहरूले जिम्मेवारी निर्वाह गर्न सक्नुपर्ने उपराष्ट्रपति यादवको भनाइ छ।

"गणतन्त्र दिवस लोकतान्त्रिक मूल्यहरूलाई स्मरण गर्ने अवसर हो, नागरिक अधिकार, समानता र विधिको शासनलाई थप सुदृढ गर्दै आमनागरिकको सङ्घर्ष र योगदानलाई सम्मान गर्ने माध्यमका रूपमा यो दिवसलाई लिन सक्नुपर्दछ", शुभकामनाका सन्देशमा भनिएको छ,"नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले नागरिकका अधिकार, समानता, समावेशिता र सहभागिता सुनिश्चित गरेको छ। विश्वकै उत्कृष्ट यस शासन प्रणालीका सिद्धान्तलाई कार्यान्वयन गर्न हाम्रो संविधान एउटा महत्वपूर्ण आधारस्तम्भ हो।"

उपराष्ट्रपति यादवले सङ्घीयता, समावेशिता र समानतालाई संस्थागत गर्दै संविधानले निर्वाचन प्रणाली, लोकतान्त्रिक शासन व्यवस्था, मौलिक अधिकार र प्रेस स्वतन्त्रतालाई प्रभावकारी रूपमा आत्मसात् गरेको उल्लेख गर्नुभयो। आमनागरिकको विश्वास आर्जित गर्न, राजनीतिक स्थिरता कायम राख्न र मुलुकको आर्थिक-सामाजिक उन्नतिलाई मूल विषय बनाएर अघि बढ्न ढिलाइ गर्न नहुने बताउँदै उहाँले राजनीतिक दल र तिनका नेतृत्वले स्वच्छ शासन व्यवस्था, पारदर्शिता र राजनीतिक उत्तरदायित्व निर्वाहमा चुके लोकतन्त्र कमजोर हुन सक्ने पनि बताउनुभएको छ।

"पछिल्लो समय आमनागरिकमा बढ्दो निराशा, कुण्ठा र असन्तुष्टिहरूको तत्काल सम्बोधन गर्दै लोकतान्त्रिक विधिमार्फत अघि बढ्न सक्नुपर्दछ, यसका लागि यो गणतन्त्र दिवसलाई एउटा महान् अवसरका रूपमा लिँदै सबैले संविधानको प्रभावकारी कार्यान्वयनमा जोड दिने, लोकतन्त्रलाई बलियो र सुदृढ बनाउने अठोट र प्रणका साथ अघि बढ्न अति आवश्यक छ", उपराष्ट्रपति यादवले भन्नुभएको छ,"राज्यको सम्पूर्ण शक्ति जनतामा निहित हुनेगरी स्थापित वर्तमान शासन व्यवस्था नेपाली वीर सपुतहरूको असाधारण सङ्घर्ष, त्याग र बलिदानबाटै सम्भव भएको हो। यो व्यवस्थासँग जोडिएका जनअपेक्षाहरूलाई आग्रह-पूर्वाग्रहबिना नै सम्बोधन गर्दै आमनागरिकलाई आशावादी बनाउन हामी सबै आ-आफ्नो स्तरबाट जिम्मेवार भई थप क्रियाशील हुन जरूरी छ।"

उपराष्ट्रपति यादवले गणतन्त्र शासकीय शक्ति जनताको हातमा हुने महत्वपूर्ण राजनीतिक प्रणाली भएको र जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूमार्फत सरकारको नेतृत्व गर्दै जनताप्रति आफ्नो जिम्मेवारी निर्वाह गर्नु नै गणतन्त्रको मूल मर्म भएको उल्लेख गर्दै जनादेश, मतादेश र संविधानप्रदत्त व्यवस्थाअनुरूप सबै एक ढिक्का र एकीकृत भई अघि बढ्न सके मात्र नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सबल, सुदृढ र बलियो हुनसक्ने बताउनुभएको छ।

# गणतन्त्रका जननीबीच एकता र गणतान्त्रिक शक्तिको सहकार्य अपरिहार्य: अध्यक्ष दाहाल

काठमाडौँ, १५ जेठ (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र अग्रगामी परिवर्तनको पक्षमा दृढतापूर्वक उभिनु सच्चा गणतन्त्रवादीको कार्यभार भएको बताउनुभएको छ।

गणतन्त्र दिवस-२०८२ का अवसरमा बिहीवार शुभकामना दिँदै उहाँले गणतन्त्रको रक्षा, प्रयोग र विकासका लागि परिवर्तनकारी शक्तिबीचको एकता र गणतान्त्रिक शक्तिबीचको सहकार्य अपरिहार्य रहेको बताउनुभयो।

पूर्वप्रधानमन्त्री दाहालले गणतान्त्रिक संविधानबाट प्रदत्त मौलिक हकको कार्यान्वयन गरेर फेरिएको व्यवस्थाअनुकूल नेपाली जनताको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा रूपान्तरण गर्ने कार्यभार पूरा गर्नेतर्फ दलहरूको ध्यान जानुपर्ने बताउनुभयो। "माओवादीको सचेत पहल र आमउत्पीडित जनसमुदायको सहभागितामा सञ्चालित जनयुद्धको जग तथा अन्य गणतान्त्रिक शक्तिको समेत सहकार्यमा भएको ऐतिहासिक जनआन्दोलनको बलबाट गणतन्त्र स्थापना भएको हो," उहाँले भन्नुभयो, "गणतन्त्रवादी यथास्थिति र प्रतिगामी हर्कतका विरुद्ध सङ्घर्ष गर्दै गणतन्त्र र परिवर्तनको पक्षमा दृढतापूर्वक उभिनुपर्छ।"

अध्यक्ष दाहालले गणतान्त्रिक सोच, शैली र आचरणको विकास गर्दै गणतान्त्रिक शक्तिबीचको बलियो एकता र सहकार्यका साथ जनताको अवस्था बदल्ने अभियानमा केन्द्रित हुन गणतन्त्र दिवसले प्रेरित गरोस् भनी कामना गर्नुभएको छ। उहाँले गणतन्त्र प्राप्तिका लागि भएको जनयुद्ध र विभिन्न जनआन्दोलनमा प्राण उत्सर्ग गर्ने सहिदप्रति श्रद्धाञ्जली तथा बेपत्ता, घाइते योद्धाको त्याग र समर्पणप्रति सम्मान प्रकट गर्नुभएको छ।

# अर्थतन्त्रमा कृषिको योगदान वृद्धि हुँदा उद्योग र सेवा क्षेत्रको घट्यो

काठमाडौँ, १५ जेठ (रासस)।

मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा कृषि क्षेत्रको योगदान वृद्धि हुँदा उद्योग र सेवा क्षेत्रको योगदान घटेको छ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आज संसद्मा पेस गर्नुभएको 'आर्थिक सर्वेक्षण २०८१/८२' अनुसार चालु आर्थिक वर्षमा जिडिपीमा कृषिको योगदान वृद्धि हुने देखिएको हो।

"चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५.१६ प्रतिशत, उद्योग क्षेत्रको योगदान १२.८३ प्रतिशत र सेवा क्षेत्रको योगदान ६२.०१ प्रतिशत रहने अनुमान छ," आर्थिक सर्वेक्षणमा भनिएको छ। गत आर्थिक वर्ष जिडिपीमा कृषि क्षेत्रको योगदान २४.७१, उद्योगको १२.९१ र सेवा क्षेत्रको ६२.३८ प्रतिशत थियो। कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान उच्च देखिन्छ।

कृषि, विद्युत् तथा ग्यास, यातायात तथा भण्डारणलगायतका क्षेत्रमा भएको वृद्धिका कारण चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धि ४.६१ प्रतिशत रहने अनुमान गरिएको छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर ३.६७ प्रतिशत थियो।

आर्थिक सर्वेक्षणअनुसार चालु आवमा नेपालको अर्थतन्त्रको आकार रु ६१ खर्ब सात अर्ब पुग्ने अनुमान छ। चालु आवमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ५.५१ प्रतिशत र सुदूरपश्चिम प्रदेशको सबैभन्दा कम ३.३२ प्रतिशत रहने अनुमान छ। त्यसैगरी कोशीको ३.३६, मधेशको ४.५०, बागमतीको ५.१८, लुम्बिनीको ४.७० प्रतिशत र कर्णाली प्रदेशको ४.७४ प्रतिशत रहने अनुमान छ।

आर्थिक सर्वेक्षणअनुसार चालु आवमा कृषि क्षेत्रको उत्पादन ३.२८ र गैरकृषि क्षेत्रको उत्पादन ४.२८ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कृषि क्षेत्रको उत्पादन ३.३५ र गैरकृषि क्षेत्रको उत्पादन ३.३६ प्रतिशतले बढेको थियो। यस वर्ष धानको उत्पादन ४.०४ प्रतिशतले बढ्ने अनुमान छ।

कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश उच्च रहेको छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा ९३.७८ प्रतिशत रहेको कुल उपभोग चालु आर्थिक वर्ष ९३.४५ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ६.२२ प्रतिशत रहेकामा चालु आर्थिक वर्ष ६.५५ प्रतिशत पुग्ने अनुमान छ।

आर्थिक वर्ष २०८०/८१ मा कुल स्थिर लगानी ५.२ प्रतिशतले वृद्धि भएकामा चालु आवमा ५.८ प्रतिशतले बढेर रु १४ खर्ब ७० अर्ब १२ करोड पुग्ने अनुमान छ। कुल स्थिर लगानीमध्ये सार्वजनिक क्षेत्रको हिस्सा ३९.१ प्रतिशत र निजी क्षेत्रको हिस्सा ६०.९ प्रतिशत रहेको छ।

चालु आवमा प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) ५.८ प्रतिशतले वृद्धि भइ रु दुई लाख छ हजार ४२४ पुग्ने अनुमान छ। त्यस्तै आर्थिक वर्ष २०८०/८१ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय एक हजार ४६७ अमेरिकी डलर रहेकामा चालु आर्थिक वर्षमा एक हजार ५१७ अमेरिकी डलर पुग्ने अनुमान छ।

अन्तरराष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा आएको कमी, छिमेकी मुलुकको मुद्रास्फीतिमा आएको कमीलगायतका कारण चालु आवको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ४.७२ प्रतिशतमा झरेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो मुद्रास्फीति ६.०८ प्रतिशत थियो।

### मधेश...

उनकै अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अथिती मुख्यमन्त्री सतिशकुमार सिंहले प्रेस स्वतन्त्रता सेनानीहरुलाई जनही ११ हजार नगद पुरस्कार तथा कदर पत्रबाट सम्मानित गरेका छन्।

यसरी सम्मानित हुनेहरुमा सप्तरीका शिशु प्रसाद देवकोटा, रामनारायण देव, बैद्यनाथ झा, प्रकाश खतिवडा र देवराम यादव छन।

यस्तै मधेश प्रदेश कै अन्य जिल्लाका अशोक रौनियार, राम भरत साह, विन्देश्वरी मण्डल, कुँवरकान्त झा, गोपाल बराल, इश्वरी काफ्ले, गया यादव र शत्रुघन नेपाल पनि सम्मानित भएका हुन।

कार्यक्रममा मुख्यमन्त्रीका प्रेस सल्लाहकार अनिल कर्णले पत्रकारिता विषयक कार्यपत्र प्रस्तुत गरेका थिए।

## विश्व समाचार

# विद्यार्थी भिसा रद्द गर्ने अमेरिकी निर्णयलाई 'अनुचित' भन्दै चीनद्वारा आलोचना

बेइजिङ, १५ जेठ (रासस/एएफपी)।

बेइजिङले चिनियाँ विद्यार्थीहरूको भिसा 'अनुचित रूपमा' रद्द गर्ने अमेरिकी निर्णयको आलोचना गर्दै बिहीबार विदेशमन्त्री मार्को रुबियोको घोषणापछि वासिङ्टनमा विरोध जनाएको बताएको छ।

"अमेरिकाले विचारधारा र राष्ट्रिय अधिकारको बहानामा चिनियाँ विद्यार्थीहरूको भिसा अनुचित रूपमा रद्द गरेको छ", विदेश मन्त्रालयका प्रवक्ता माओ निङले भन्नुभयो, "चीनले यसको कडा विरोध गर्दछ र अमेरिकासँग प्रतिनिधित्व दर्ता गरेको छ।"

राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले एक दिनअघि चिनियाँ विद्यार्थीहरूको भिसा रद्द गर्ने वाचा गरेको थियो। चिनियाँ विद्यार्थीहरू अमेरिकी विश्वविद्यालयहरूका लागि राजस्वको सबैभन्दा ठूलो स्रोत हो।

"संयुक्त राज्य अमेरिकाले चिनियाँ कम्युनिष्ट पार्टीसँग सम्बन्ध भएका वा महत्त्वपूर्ण क्षेत्रहरूमा अध्ययन गर्नेहरूसहित चिनियाँ विद्यार्थीहरूका लागि भिसा आक्रामक रूपमा रद्द गर्नेछ", रुबियोले भन्नुभयो, "हामी जनवादी गणतन्त्र चीन र हङकङबाट भविष्यका सबै भिसा आवेदनहरूको छानबिन बढाउन भिसा मापदण्ड पनि संशोधन गर्नेछौँ।"

युवा चिनियाँहरू लामो समयदेखि अमेरिकी विश्वविद्यालयहरूका लागि महत्त्वपूर्ण छन्। विश्वविद्यालयहरू पूर्ण ट्युसन तिर्ने अन्तर्राष्ट्रिय विद्यार्थीहरूमा निर्भर छन्।

चीनको विदेश मन्त्रालयले यस कदममा प्रतिक्रिया दिँदै माओले 'चिनियाँ विद्यार्थीहरूको वैध अधिकार र चासोलाई गम्भीर क्षति पुर्‍याएको र दुई देशबीचको सामान्य सांस्कृतिक आदानप्रदानमा बाधा पुर्‍याएको' बताउनुभयो।

"अमेरिकाको यो राजनीतिक र भेदभावपूर्ण अभ्यासले अमेरिकाले सधैँ प्रचार गर्दै आएको तथाकथित स्वतन्त्रता र खुलापनको झूटो पर्दाफास गरेको छ र अमेरिकाको आफ्नै अन्तर्राष्ट्रिय छवि, राष्ट्रिय छवि र राष्ट्रिय विश्वसनीयतालाई थप हानि पुर्‍याएको छ", उहाँले भन्नुभयो।

# इजरायलले कब्जा गरेको वेस्ट बैंकमा थप यहुदी बस्तीलाई अनुमति

जेरुसेलम, १५ जेठ (रासस/एपी)।

इजरायलले बिहीबार कब्जा गरिएको वेस्ट बैंकमा २२ वटा यहुदी बस्ती स्थापना गर्ने बताएको छ। यसमा सरकारी अनुमति बिना नै निर्माण गरिएका चौकीहरूको वैधानिकीकरण पनि समावेश छ।

इजरायलले सन् १९६७ को मध्यपूर्व युद्धमा गाजा पट्टी र पूर्वी जेरुसेलमसँगै वेस्ट बैंक कब्जा गरेको थियो र प्यालेस्टिनीहरूले आफ्नो भविष्यको राज्यका लागि तीनवटै क्षेत्र चाहन्छन्।

अधिकांश अन्तर्राष्ट्रिय समुदायले बस्तीहरूलाई अवैध र दशकौं पुरानो द्वन्द्व समाधानका लागि अवरोधका रूपमा हेर्छन्।

रक्षामन्त्री इजरायल काट्जले वेस्ट बैंकका लागि बाइबलीय शब्द प्रयोग गरेर 'जुडिया र सामरियामा हाम्रो पकड बलियो बनाउँछ', 'इजरायलको भूमिमा हाम्रो ऐतिहासिक अधिकारलाई स्थापित गर्दछ र प्यालेस्टिनी आतङ्कवादको दमनकारी प्रतिक्रिया हो' भन्नुभयो।

उहाँले यो 'इजरायललाई खतरामा पार्ने प्यालेस्टिनी राज्यको स्थापनालाई रोक्ने रणनीतिक कदम' पनि भएको बताउनुभयो।

इजरायलले पहिले नै यस क्षेत्रमा एक सयभन्दा बढी बस्ती निर्माण गरिसकेको छ। त्यहाँ करिब पाँच लाख बसोबासकर्ता बस्छन्। बस्तीहरू साना पहाडी चौकीहरूदेखि अपार्टमेन्ट ब्लकहरू, सपिङ मलहरू, कारखानाहरू र सार्वजनिक पार्कहरूसहितका पूर्ण विकसित समुदायहरूसम्म फैलिएका छन्।

वेस्ट बैंकमा ३० लाख प्यालेस्टिनी बस्छन्। उनीहरू पश्चिमी समर्थित प्यालेस्टिनी प्राधिकरणको जनसङ्ख्या केन्द्रहरूको प्रशासनमा इजरायली सैन्य शासनअन्तर्गत बस्छन्। बसोबास गर्नेहरूसँग इजरायली नागरिकता छ।

हमासको सन् २०२३ अक्टोबर ७ को आक्रमणले गाजामा युद्ध सुरु गर्नुभन्दा धेरै अघिदेखि नै प्यालेस्टिनीहरूलाई वेस्ट बैंकको साना र साना क्षेत्रहरूमा सीमित पार्दै र व्यवहार्य, स्वतन्त्र राष्ट्र स्थापनाको सम्भावनालाई अझ टाढा बनाउँदै इजरायलले हालका वर्षहरूमा बस्ती निर्माणलाई तीव्र पारेको छ।

आफ्नो पहिलो कार्यकालमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले बलपूर्वक कब्जा गरिएको इलाकामा इजरायलको दावीलाई समर्थन गरेर र बस्तीहरूलाई वैधानिक बनाउने कदमहरू चालेर दशकौंको अमेरिकी विदेश नीतिलाई तोड्यो।

पूर्वराष्ट्रपति जो बाइडेनले आफ्ना धेरैजसो पूर्ववर्तीहरूझैँ बस्तीहरूको विरोध गर्नुभयो तर तिनीहरूको वृद्धि रोक्न इजरायलमाथि कम दबाब दिनुभयो।

संयुक्त राष्ट्रसङ्घको शीर्ष अदालतले गत वर्ष कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रहरूमा इजरायलको उपस्थिति गैरकानूनी भएको फैसला सुनाएको थियो र यसलाई अन्त्य गर्न र बस्ती निर्माण तुरुन्तै रोक्न आह्वान गरेको थियो।

इजरायलले अन्तर्राष्ट्रिय न्यायालयको १५ न्यायाधीशको प्यानलको गैर-बाध्यकारी रायको निन्दा गर्दै यी क्षेत्रहरू यहुदी जनताको ऐतिहासिक मातृभूमिको हिस्सा भएको बताएको छ।

इजरायलले सन् २००५ मा गाजा पट्टीबाट आफ्ना बस्तीहरू फिर्ता लियो तर वर्तमान सरकारका प्रमुख व्यक्तिहरूले तिनीहरूलाई पुनः स्थापित गर्न र क्षेत्रको धेरै प्यालेस्टिनी जनसंख्यालाई स्वैच्छिक आप्रवासनका रूपमा वर्णन गरेर अन्यत्र पुनःस्थापित गर्न आह्वान गरेका छन्।

प्यालेस्टिनीहरूले त्यस्ता योजनाहरूलाई आफ्नो मातृभूमिबाट जबरजस्ती निष्कासनको खाकाका रूपमा हेर्छन् र विज्ञहरू यी योजनाले अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन गर्ने सम्भावना रहेको बताउँछन्।

# ओमशान्ति मिडियाले दुई पत्रिका बजारमा ल्याउँदै



दैनिक समाचारदाता
राजविराज, १५ जेठ ।

ओमशान्ति मिडिया राजविराजद्वारा प्रकाशित हुन लागेको मेघावत राष्ट्रिय दैनिक र फरिस्ता साप्ताहिक पत्रिकाको बिहीवार एक कार्यक्रमकाबीच विमोचन गरिएको छ ।

राजविराज ८ स्थित ब्रह्मा कुमारी राजयोग सेवा केन्द्र बरदानी भवनमा बिहीबार आयोजित कार्यक्रममा प्रमुख अथिती समाजसेवी एवम् युनिक मेडिकल कालेजका निर्देशक जय प्रकाश ठाकुरले दुवै पत्रिकाको विमोचन गरेका छन् ।

उक्त पत्रिकाको प्रकाशक एवम् सम्पादकमा ओम शान्ति मिडियाका संयोजक दिनानाथ यादव छन् । सो अवसरमा ब्रह्मा कुमारी राजयोग सेवाकेन्द्रकी मुख्य संचालिका भगवती दिदी, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव, प्रेस काउन्सिल नेपालका पूर्व सदस्य मुरली प्रसाद यादव, ब्रह्मा कुमारी निरा दिदी, रंजु दिदी लगायतले शुभकामना दिएका थिए ।

सोही अवसरमा ब्रह्मा कुमारी राजयोग सेवा केन्द्रद्वारा ५२औं जन्मोत्सव कार्यक्रम समेत मनाइएको छ ।

# 'सगरमाथा विश्वको गौरव हो'

काठमाडौं, १५ जेठ (रासस) ।

संस्कृति, पर्यटन तथा नागरिक उययनमन्त्री बद्रीप्रसाद पाण्डेले विश्वको सर्वोच्च शिखर सगरमाथा संसारको गौरव भएको बताउनुभएको छ ।

अन्तरराष्ट्रिय सगरमाथा दिवसका अवसरमा वसन्तपुरमा आयोजित आज बिहान आयोजित एक कार्यक्रममा उहाँले सगरमाथाको संरक्षण र प्रवर्द्धनमा चेतना अभिवृद्धि गर्दै विश्वभरका पर्यटकलाई नेपालप्रति आकर्षण गर्न सरोकार भएका सबै सक्रिय भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

पर्यटनमन्त्री पाण्डेले भन्नुभयो, "सगरमाथा हाम्रो पहिचान र गौरव हो, यसप्रति विश्वले पनि गौरव गरेको छ । पृथ्वीको सबैभन्दा उच्च शिखर सगरमाथामार्फत देशको पहिचान स्थापित गर्न सफलतापूर्वक सगरमाथा संवाद आयोजना गरेर विश्व समुदायलाई सगरमाथाको देशले जलवायु परिवर्तनका कारण भोलेका समस्याबारे अवगत गरायौं । सगरमाथाको हिउँ पग्लिँदा नेपाल र हिमवत् खण्डलाई मात्र होइन समग्र पृथ्वीलाई नै असर गर्छ । यो नेपालको मात्र समस्या होइन भन्ने संवाद उपयोगी रह्यो ।"

सगरमाथा दिवसका अवसरमा पर्यटकको अधिक चहलपहल हुने ठमलेमा प्रभातफेरी आयोजना गरिएको थियो । त्यसमा पर्यटनमन्त्री पाण्डे, निमित्त पर्यटन सचिव इन्दु घिमिरे, पर्यटन विभागका महानिर्देशक नारायण रेग्मी, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशी तथा पर्यटन व्यवसायी, पर्यटनसँग सम्बन्धित सङ्गठनका प्रतिनिधि, सरकारकी कर्मचारी, सुरक्षा निकायलगायत सर्वसाधरण सहभागी थिए ।

त्यसअघि नेपाल पर्यटन बोर्ड परिसरमा रहेको तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारीको पूर्णकदको सालिकमा माल्यार्पण गरिएको थियो ।

सन् १९५३ मे २९ मा नेपाली शेर्पा र हिलारीले पहिलो पटक सगरमाथाको सफल आरोहण गरेको स्मरणमा हरेक वर्ष यो दिन अन्तरराष्ट्रिय सगरमाथा दिवस मनाइन्छ ।

# न्यायपूर्ण नेपाल निर्माण गर्नु नै गणतन्त्रको साँचो सम्मान हो: सभामुख

काठमाडौं, १५ जेठ (रासस) ।

सभामुख देवराज घिमिरेले भ्रष्टाचार, असमानता र शासकीय कमजोरीजस्ता विषयमा निर्मम हुँदै समृद्ध, समावेशी र न्यायपूर्ण नेपाल निर्माण गर्नु नै गणतन्त्रको साँचो सम्मान हुने बताउनुभएको छ । १८औं गणतन्त्र दिवसका अवसरमा आज देश(विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी एवं दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दै सो कुरा व्यक्त गर्नुभएको हो ।

उहाँले गणतन्त्रको भावना केवल संवैधानिक संरचना परिवर्तनमा सीमित रहनु हुँदैन भन्दै गणतन्त्र जनसरोकार, सुशासन, पारदर्शिता र समावेशिताको जीवन्त अभ्यासका साथै समृद्धिको बलियो आधारमा रूपान्तरित हुनुपर्ने बताउनुभयो । सभामुख घिमिरेले लोकतान्त्रिक गणतन्त्रमा देखिएको गणतन्त्रविरोधी गतिविधि केवल संविधानको अवमूल्यन मात्र नभई सहिदहरूको अपमान पनि भएको बताउनुभयो । उहाँले आन्दोलनका सपना र बलिदानमाथि प्रहार गर्ने कुनै पनि चाहनालाई सम्पूर्ण राजनीतिक दल तथा नेपाली जनता एकजुट भएर अस्वीकार गर्नुपर्नेमा जोड दिनुभयो ।

सभामुख घिमिरेले सन्देशमा उल्लेख गर्नुभएको छ,"गणतन्त्र दिवसमा सबै नेपालीहरूले गणतन्त्रको रक्षा, प्रवर्द्धन र सुदृढीकरणमा समर्पित भएर राष्ट्रलाई स्थायित्व, विकास र समृद्धिको दिशामा सफलीभूत गराउने सङ्कल्प लिन जरुरी छ । देश गणतन्त्रमा प्रवेश गरेसँगै राजनीतिक संरचना, शासन प्रणाली र नागरिक अधिकारको परिभाषा नै परिवर्तन भएको छ, यो ऐतिहासिक परिवर्तन केवल राजतन्त्रको अन्त्य मात्र थिएन; नेपाली जनताको लामो सङ्घर्ष, बलिदान र जनआकाङ्क्षाको औपचारिक जित पनि थियो ।"

नेपाली जनताका प्रतिनिधिमार्फत विसं २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट घोषणा गरिएको गणतन्त्र दिवस जनताको बलिदानीपूर्ण सङ्घर्षलाई स्मरण गराउने प्रत्येक नेपालीको साझा गौरवको दिन भएको उहाँको भनाइ छ । "गणतन्त्र दिवस २०८२ को यस ऐतिहासिक अवसरमा गणतन्त्र स्थापनामा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै नेतृत्वदायी भूमिका निर्वाह गर्ने राजनीतिक दल, नागरिक समाजका अगुवा तथा नेपाली जनताको योगदानको उच्च कदर गर्न चाहन्छु ।"

# प्रदेश र स्थानीय तहलाई रू पाँच खर्ब ८२ अर्ब विनियोजन : बजेट वक्तव्य

काठमाडौं, १५ जेठ (रासस) ।

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घ सरकारले प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरणमार्फत् रू पाँच खर्ब ८२ अर्ब ८३ पठाउने भएको छ ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलद्वारा सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत आगामी आर्थिक वर्षको बजेटमा राजस्व बाँडफाँड र अनुदानमार्फत् प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरणका रूपमा यो रकम जाने बताउनुभयो ।

"वित्तीय समानीकरण अनुदानका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा प्रदेशका लागि रू ६० अर्ब ६६ करोड र स्थानीय तहमा रू ८८ अर्ब ९७ करोड हस्तान्तरण गरिनेछ," उहाँले भन्नुभयो, "सशर्त अनुदानतर्फ प्रदेशका लागि रू ३० अर्ब ३५ करोड र स्थानीय तहका लागि रू दुई खर्ब ११ अर्ब ४६ करोड गरी जम्मा रू दुई खर्ब ४१ अर्ब ८१ करोड विनियोजन गरिएको छ ।"

त्यस्तै, प्रदेश र स्थानीय तहलाई पूर्वाधार आयोजना कार्यान्वयनका लागि समपूरक अनुदान प्रदेशलाई रू तीन अर्ब २८ करोड र स्थानीय तहलाई रू १० अर्ब छ करोड विनियोजन गरिएको छ । विशेष अनुदानतर्फ प्रदेशका लागि प्रदेशका लागि रू तीन अर्ब २७ करोड र स्थानीय तहका लागि रू नौ अर्ब ७८ करोड विनियोजन गरिएको छ । सशर्त, विशेष र समपूरक अनुदान कार्यसम्पादनका आधारमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको पनि अर्थमन्त्री पौडेलले बताउनुभयो ।

बजेट वक्तव्य प्रस्तुत गर्नुहुँदै अर्थमन्त्री पौडेलले आगामी आर्थिक वर्षका लागि प्रदेश तथा स्थानीय तहमा राजस्व बाँडफाँडबाट रू एक खर्ब ६५ अर्ब हस्तान्तरण हुने अनुमानसमेत गरिएको बताउनुभयो ।

यसरी आगामी आर्थिक वर्षमा सङ्घीय सरकारले प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँडबाट रू पाँच खर्ब ८२ अर्ब ८३ करोड बराबर पठाउने अनुमान गरिएको छ ।

## गणतन्त्रलाई...

"जनताको जिवनमा परिवर्तन ल्याउन गणतन्त्रलाई संस्थागत गनुपर्छ र यसका लागि तीनै तहको सरकार जिम्मेवार बन्नुपर्छ" साहले भने ।

राजविराज नगरपालिका कार्यवाहक नगरप्रमुख ईसरत परवीनले गणतन्त्रको उपलब्धीलाई तल्लो तहसम्म पुऱ्याए मात्र यसप्रति सबैको अपनत्व बढ्ने बताइन् । रुपनी गाउपालिका अध्यक्ष दिनेश कुमार यादवले गणतन्त्रलाई संस्थागत गर्न काम गरिरहेको बताए ।

उनले केन्द्र सरकारले प्रदेश र स्थानीय सरकारलाई तोके अनुसारको अधिकार दिन नसकेको भन्दै प्रदेश सरकारमा पूर्ण अधिकार नआउँदा सम्ममा गणतन्त्र संस्थागत गर्नमामा चुनौती रहेको उल्लेख गरे ।

जसपा नेपाल सप्तरीका अध्यक्ष केदार यादवले संविधान अनुसारको अधिकार प्रदेश र स्थानिय तहले अहिले सम्म नपाएको कारण गणतन्त्र संस्थागत हुन नसेकेको बताए । उनले संविधान अनुसार तीनै तहका सरकारले अधिकार प्राप्त गरे गणतन्त्रका संस्थागत हुने विश्वास व्यक्त गरे ।

कोण सभामा युवा नेता गजेन्द्र मण्डलले अहिले पनि तहगत रुपमा संविधानले तोकेको अधिकारहरु प्राप्त हुन नसकेको भन्दै गणतन्त्र संस्थागत हुन नसक्ने र ,जनताको अपेक्षा पूरा गर्न नसकिने बताए । उनले तीनै तहको सरकारले आ(आफ्नो दायित्व पूरा गर्न नसकेकै कारण समस्या देखिएको तर्क गरे ।

"गणतन्त्रलाई संस्थागत गर्न तीन तहको सरकारबीचको अधिकार बाँडफाँडमा केन्द्र सरकारले हस्तक्षेप गर्नु हुँदैन" नेता मंडलले भने ।

जिल्ला समन्वय समितिका प्रमुख शिव नारायण साहको अध्यक्षतामा आयोजित कोणमा प्रमुख जिल्ला अधिकारी भोला दहाल, सप्तरी प्रहरी प्रमुख ढकेन्द्र खतिवडा, सशस्त्र प्रहरी उपरिक्षक ज्ञानमणि पौडेल, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली सहितको सहभागिता रहेको थियो ।

## चार...

नगरवासी उत्साहित भएका छन् ।

राजविराजको सार्वजनिक यातायात व्यवस्थित रुपमा सञ्चालनका लागि पहिलो पटक २०४४ सालमा तत्कालिन प्रधानमन्त्री मरिचमान सिह, दोश्रो पटक २०४६ सालमा तत्कालिन अञ्चलाधिश सुर्य वहादुर सेन ओली र तेश्रो पटक २०५२ सालमा तत्कालिन प्रधानमन्त्री शेर बहादुर देउवाले बसपार्कको शिलान्यास गरेका थिए । तीन पटक शिलान्यास भएपनि तर निमार्ण कार्य अघि बढन सकेको थिएन ।

चौथो पटक २०७४ सालमा शहरी विकास मन्त्रालयका सचिव दिपेन्द्र नाथ शर्मा र राजविराज नगरपालिकाका तत्कालिन मेयर शम्भु प्रसाद यादवले संयुक्त रुपमा वसपार्कको शिलान्यास गरेपछि निर्माण कार्य सकिएर उद्घाटन भएको हो ।

उद्घाटन समारोहमा प्रमुख जिल्ला अधिकारी भोला दाहाल, प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडा, जनप्रतिनिधीहरु, राजनीतिकदलका प्रतिनिधीहरु र नगरवासीहरुको उपस्थिति रहेको थियो ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

अनुरोधकर्ता
डाक्नेश्वरी नगरपालिका, सप्तरी


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np